


रूस लयमा छ

# इजिप्टलाई जित नै जरूरी



आयोजक रुसले पहिलो खेलमा शानदार प्रदर्शन गरेको थियो। बिहीबार मस्कोमा भएको उदघाटन खेलमा रुसले साउदी अरेबियालाई ५-० ले गोलअन्तरले हराएपछि लयमा देखिएको छ। सोभियत संघ विघटनपछि रुसले पहिलो चरण पार गर्न सकेको छैन। यो मौका छ, आयोजक भएको नाताले अन्तिम १६ मा पुग्न। पहिलो खेलमा धेरै नै प्रशंसनीय खेल पनि खेलेको छ रुसले। घरेलु दर्शकको समर्थन पनि प्राप्त हुदा इजिप्टलाई रुसले पन्छाउन सक्ने अनुमान लगाउन सकिन्छ। यदि पन्छाएमा रुस अन्तिम १६ मा पुग्ने पहिलो टोली समेत बन्नेछ।

उता पहिलो खेलमा उरुग्वेसँग अन्तमा गोल खाएर हारेपछि इजिप्टलाई प्रतियोगितामा बनिरहन यो खेल जित्नै पर्ने भएको छ। स्टार खेलाडी मोहमद सालाहले उरुग्वेविरुद्ध खेल्ने भनेपनि खेलेनन्। यसैले त्यो खेल हारेको इजिप्ट टोलीले कारण देखाएको छ। रुसविरुद्ध चाहि सालाहले खेल्ने आशा गरेका छन्। सालाह राम्ररी नै स्वस्थ भइसकेको टोलीले बताइरहेको छ। यदि सालाह खेलेमा रुसका लागि कठिन पनि हुन सक्छ।




ब्राजिलको एक पत्रिकाको कभर पेजमा नेमारबारे ठट्टा गरिएको चित्र छापेको छ।

# जापानलाई अवसर छ

आज समूह एच को खेल समाप्ति सँगै पहिलो चरणको खेलको पनि अन्त्य हुनेछ। पहिलो खेलमा एशियन टोली जापानले कोलम्बियाको सामना गर्नेछ भने अर्को खेलमा सेनेगलले पोल्यान्ड जस्तो सशक्त टोलीविरुद्ध खेल्नेछ।

जापान पहिलो चरणबाट पार गरेको आयोजक हुँदा २००२ विश्वकप र २०१० विश्वकपमा अन्तिम १६ मा पुगेको थियो। गत विश्वकपमा पनि फितलो प्रदर्शनले गर्दा जापानको धेरै आलोचना भएको थियो। तर यसपटक पोल्यान्डलाई छाड्ने हो भने जापानको लागि अन्तिम १६ मा पुग्न अवसर छ। टोलीले आजको खेलमा कोलम्बियालाई पन्छाउनु अत्यन्त आवश्यक हुन्छ।

### विश्वकप यात्रा

जापानले छनोट चरणको आषनो समुहमा सनसनीपूर्ण प्रर्दशन गरेको थियो। जापानले ७ जित दर्ता गर्दै २७ गोल गरेको थियो। अस्ट्रेलिया, संयुक्त अरब इमिरेट्स जस्ता टोली रहेको समुहमा जापानले उत्कृष्ट खेलेको थियो।

### महत्वपूर्ण खेलाडी

शिन्जी कागावा जापानका प्रमुख हतियार हुन्। एट्याकिङ मिडफिल्डर कागावा एसियाका उत्कृष्ट खेलाडी मध्ये एक हुन्। उनले पछिल्लो दुई दशक बोरुसिया डर्टमन्डको सफलतामा महत्वपूर्ण भूमिका निभाएका थिए। उनले इंग्ल्याण्ड र जर्मनीमा दुई लिगको उपाधि समेत जितेका छन्। उनले देशका लागि ८९ गोल गरेका छन्।

यस्तै शिन्जी ओकाजाकीले जापानका लागि १ सय १२ क्याप्स जितेका छन्। उनले देशका लागि ५० गोल गरेका छन्। उनले गत सिजन लेस्टर सिटीबाट उत्कृष्ट खेलेका थिए। मकोटो हसिबेले रसिया विश्वकपमा जापानको नेतृत्व गर्नेछन्। उनी पनि जापानका प्रभावशाली खेलाडी हुन्।

### कोलम्बियाको आशा रोड्रिग्वेजमाथि

सन् २०१४ को विश्वकपमा गोल्डेन बुट जितेका जेम्स रोड्रिग्वेजले रसिया विश्वकपमा पनि उत्कृष्ट प्रर्दशन गर्ने अपेक्षा गरिएको छ। उनी कोलम्बियाका प्रमुख हतियार समेत हुन्। ब्राजिल विश्वकपमा उनले पाँच गोल गरेका थिए। गत सिजन रियल मेड्रिडबाट बार्यन म्युनिख गएका उनले जर्मन बुन्डेसलिगामा उत्कृष्ट प्रर्दशन गरेका थिए।

बार्यनबाट उनले ८ गोल गर्दै १४ पास उपलब्ध गराएका थिए। यस्तै ३२ बर्षका फल्काओ पनि कोलम्बियाका हतियार हुन्। उनले पछिल्ला दुई सिजनमा मोनाकोबाट ५४ गोल गरेका थिए। उनले रसियामा कोलम्बियाको नेतृत्व गर्नेछन्। डिफेन्डर डेभिन्सन सान्चेस टोटनह्यामबाट उत्कृष्ट खेल्दै आएका छन्। उनी पनि कोलम्बियाका महत्वपूर्ण खेलाडी हुन्।

### हेड टू हेड

जापान र कोलम्बियाले एक आपसमा ३ पटक खेलेका छन्। जसमा कोलम्बियाले २ पटक जित्दा एक खेल बराबरीमा टुङ्गिएको छ। गत ब्राजिल विश्वकपमा पनि जापानलाई कोलम्बियाले ४-१ को फराकिलो गोल अन्तरले पराजित गरेको थियो।



# पोल्यान्डको जित सम्भव छ

पोल्यान्डले १९७४ र १९८२ विश्वकपमा तेस्रो स्थान ओगटेको थियो। यसपछि पोल्यान्डले सोचे जस्तो नतिजा निकाल्न सकेको छैन। यसपटक पोल्यान्डका लागि समूहमा कडा टोली छैनन्। यसैले अन्तिम १६ मा पुग्न त्यति गाह्रो हुँदैन टोलीलाई।



### महत्वपूर्ण खेलाडी

कप्तान रोबर्ट लेवान्डोस्की पोल्याण्डका प्रमुख खेलाडी हुन्। उनी पछिल्लो केही बर्षयता संसारका उत्कृष्ट स्ट्राइकरको सूचीमा रहँदै आएका छन्। उनी बार्यन म्यूनिखका प्रमुख खेलाडी हुन्। उनले विश्वकप छनौट चरणका १० खेलमा १६ गोल गरेका थिए। यस्तै पियेटर जिलिस्कीले पछिल्ला दुई सिजनमा नेपोलीबाट उत्कृष्ट प्रर्दशन गर्दै आएका छन्। २४ बर्षिय उनले रसिया विश्वकपमा उत्कृष्ट प्रर्दशन गर्ने अपेक्षा गरिएको छ।

### सेनेगल २००२ पछि खेल्दै

सेनेगल विश्वकपमा दोस्रो पटक खेल्दैछ। २००२ विश्वकपमा पहिलो सहभागिमै सेनेगलले इतिहास रचेको थियो। टोली सो विश्वकपको क्वाटरफाइनलसम्म पुगेको थियो। यसको बावजुद यो टोलीको विश्वकपमा निरन्तरता भएन। पछिल्ला तीन विश्वकपमा टोली छनोट हुन सकेन।

### महत्वपूर्ण खेलाडी

साडियो माने सेनेगलका स्टार हुन्। लिभरपुलबाट खेल्ने उनले गत सिजन उत्कृष्ट प्रर्दशन गरेका थिए। मोहम्मद सलाह, रोबर्टो फिर्मिनोसँगको तालमेलमा उत्कृष्ट खेल्दै आएका छन्। उनले च्याम्पियन्स लिगमा मात्रै १० गोल गरेका थिए। नेपोलीका कालिडोउ केलबाली सिरि ए का उत्कृष्ट खेलाडी हुन्। उनले सनेगलबाट समेत उत्कृष्ट प्रर्दशन गर्दै आएका छन्। २८ बर्षिय इड्रिगा गुएई पनि सेनेगलका प्रमुख खेलाडी हुन्।

## अंक तालिका

समूह 'ए'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| रुस | १ | १ | - | - | ५ | ० | ३ |
| उरुग्वे | १ | १ | ० | ० | १ | ० | ३ |
| इजिप्ट | १ | ० | ० | १ | ० | १ | ० |
| साउदी अरेबिया | १ | - | - | १ | ० | ५ | ० |

समूह 'बी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| इरान | १ | १ | - | - | १ | - | ३ |
| पोर्चुगल | १ | - | १ | - | ३ | ३ | १ |
| स्पेन | १ | - | १ | - | ३ | ३ | १ |
| मोरोक्को | १ | - | - | १ | - | १ | ० |

समूह 'सी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| फ्रान्स | १ | १ | - | - | २ | १ | ३ |
| डेनमार्क | १ | १ | - | - | १ | ० | ३ |
| अस्ट्रेलिया | १ | - | - | - | १ | २ | ० |
| पेरु | १ | - | - | १ | ० | १ | ० |

समूह 'डी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| क्रोयसिया | १ | १ | - | - | २ | ० | ३ |
| अर्जेन्टिना | १ | - | १ | - | १ | १ | १ |
| आइसल्यान्ड | १ | - | १ | - | १ | १ | १ |
| नाइजेरिया | १ | - | - | १ | ० | २ | ० |

समूह 'ई'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| सर्बिया | १ | १ | - | - | १ | - | ३ |
| ब्राजिल | ० | ० | ० | ० | ० | ० | ० |
| स्विजरल्यान्ड | ० | ० | ० | ० | ० | ० | ० |
| कोस्टारिका | १ | - | - | १ | ० | १ | ० |

समूह 'एफ'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| मेक्सिको | १ | १ | - | - | १ | ० | ३ |
| स्वीडेन | १ | १ | - | - | १ | ० | ३ |
| दक्षिण कोरिया | १ | - | - | १ | ० | १ | ० |
| जर्मनी | १ | - | - | १ | ० | १ | ० |

समूह 'जी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| बेल्जियम | १ | १ | - | - | ३ | ० | ३ |
| इंग्ल्यान्ड | ० | ० | ० | ० | ० | ० | ० |
| ट्युनिसिया | ० | ० | ० | ० | ० | ० | ० |
| पनामा | १ | - | - | १ | ० | ३ | ० |

समूह 'एच'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| पोल्यान्ड | ० | ० | ० | ० | ० | ० | ० |
| सेनेगल | ० | ० | ० | ० | ० | ० | ० |
| कोलम्बिया | ० | ० | ० | ० | ० | ० | ० |
| जापान | ० | ० | ० | ० | ० | ० | ० |

## आजको खेल

कोलम्बिया Vs (ई) जापान
समय : बेलुकी ५:४५ बजे/ स्थान : मोर्डोभिया एरेना, सारानस्क

पोल्याण्ड Vs (एफ) सेनेगल
समय : राति ८:४५ बजे/ स्थान : ओल्कृति एरेना, मस्को

रुस Vs (ई) इजिप्ट
समय : राति ११:४५ बजे/ स्थान : क्रेस्टोभस्की स्टेडियम, सेन्ट पिटर्सबर्ग

# शत्रुको टाउको काटेर फुटबल खेलियो

(स्रोत: साधना, पूर्णाङ्क-२०, विश्वकप फुटबल ९४ विशेषांक)

हाम्रो सामु साना ढुङ्गा वा कुनै वस्तुको टुक्राहरु लडिरहेका छन् भने तिनलाई खुट्टाले फ्याट्ट हिर्काउन वा हान्न मन लाग्नु स्वभाविकै हो। झन् केटाकेटी वा युवा अवस्थामा त यस्तो तृष्णा नहुने कुरै भएन। हामीसँग फुटबलबारे प्राचीनतम लेखोटहरूको अभाव भए पनि यसैबाट अनुमान लगाउन सकिन्छ कि कुनै न कुनै प्रकारको फुटबल मानव सभ्यताको उषाकाल देखिनै प्रचलनमा थियो र यस सम्बन्धी प्राचीन कथाहरूको पनि कुनै कमी छैन।

प्राचीन कालमा युरोपका केही जातिहरु मानिसको काटिएको टाउकोलाई फुटबलको रूपमा प्रयोग गर्दथे। यस्तो फुटबल युद्धमा हार खाने पक्षका सैनिकहरूको टाउको छिनालेर खेल्ने गरिन्थ्यो। पछि रोमनहरूले यो खेललाई आफ्नो सैनिकको अभ्यासमा समावेश गरी विकसित तुल्याए। रोमन सैनिकहरूले नै कालान्तरमा फुटबललाई बेलायतमा भित्र्याएको विश्वास गरिन्छ।

आज फूटबल खेल विश्वकै एक अतिनै सरल र लोकप्रिय खेल सावित भएको छ। आधुनिक ढाँचा बेलायतबाट शुरु भए पनि यस खेलको प्रचलन प्राचीन कालमै थियो भन्ने कुरामा शंका गर्ने ठाउँ छैन।

यो खेल बेलायतमा १२औं शताब्दीमा शुरु भएको थियो। तर सन् १३२४ मा बेलायतका तत्कालीन राजा एडवार्ड द्वितीयले यस खेललाई आफ्नो देशमा प्रतिबन्धित गरे। त्यसै गरी उनका उत्तराधिकारीहरु एडवार्ड तृतीयले सन् १३४९ मा, रिचर्ड द्वितीयले सन् १३८९ मा र हेनरी चतुर्थले सन् १४०१ मा यस खेलमाथि प्रतिबन्ध लगाए। स्कटिश शासकहरूले पनि आफ्ना जनताहरूलाई यो खेल खेल्न रोक लगाए। तर राजाहरूले आफ्ना जनताको रूचिलाई भने प्रतिबन्ध लगाउन सकेनन् र विस्तारै उदार नीति अपनाउन थाले। जसले गर्दा फुटबल अति नै लोकप्रिय हुँदै गयो। खास गरी विधालयहरूमा यसप्रति मरिहत्ते गर्नेहरूको ओइरो लाग्न थाल्यो। तर त्यसबेला खेलको निश्चित नियमहरु भने बनेका थिएनन्।

थ्रिङ र डेविनटन भन्ने मानिसहरूले एकनासका नियमहरु प्रतिपादन गर्ने निधो गरी काम शुरु गरे पनि थ्रिङले १० वर्ष पछि मात्र सफलता पाए। फुटबल सम्बन्धी नियमहरु पहिलो पल्ट सन् १८६२ मा लागु गरियो र सन् १८६३ मा ती नियमहरूको संशोधन गरियो। यसै वर्ष बेलायतको 'फुटबल संघ' स्थापना भयो र सन् १८६४ मा फेरि नयाँ नियमहरु लागु गरिए।

फुटबलको पहिलो अन्तर्राष्ट्रीय खेल बेलायत र स्कटल्याण्डका बीच भएको थियो। खेलको लोकप्रियता बढेको देखेर ७ वटा देशको प्रतिनिधिहरूले सन् १९०४ को मे २१ का दिन भेट गरी 'फेडेरेशन इन्टरनेशनल डे फुटबल एसोसिएसन (फिफा) को स्थापना गरे। फिफाले सन् १९३० मा मोन्टेभिडियोमा पहिलो पल्ट अन्तर्राष्ट्रीय 'वर्ल्ड फुटबल च्याम्पियनशिप' को आयोजना गर्‍यो र यस खेलमा ओलम्पिक च्याम्पियन उरूग्वेले 'जुलियस (रिमेट ट्रफी' (फिफाका अध्यक्ष नाममा राखिएको पदक) हासिल गर्‍यो। भारतीय उप महादेशमा भने अंग्रेजहरूले यो खेल भित्र्याएको देखिन्छ।

# लर्ड बुद्ध र बिग थ्री विजेता

काठमाडौं, (नेस)

लर्ड बुद्ध र बिग थ्रीले पाँचौं साइपाल थ्री अन थ्री बास्केटबल प्रतियोगिताको उपाधि सोमबार जितेका छन्। लर्ड बुद्ध ब्वाइज र बिग थ्री गर्ल्समा च्याम्पियन बने।

साइपाल एकेडेमीद्वारा आयोजित प्रतियोगिताको ब्वाइज फाइनलमा लर्ड बुद्धले ग्रेट मायालाई १५-१४ ले पराजित गर्‍यो। गर्ल्सको उपाधि भिडन्तमा बिग थ्रीले लुम्बिनीलाई १७-१२ ले हरायो। विजयी टिमका लागि संगीता फुयालले १५ अंक जोडिन्।

ब्वाइज र गर्ल्सको फाइनलमा पराजित दुवै टोली डिफेन्डिङ च्याम्पियन हुन्। फाइनलका सर्वाधिक स्कोरकर्ताद्वय पवन खत्री र संगीता 'मोस्ट भेलुएबल प्लेयर' चुनिए। दुवैले साइपालमा प्लस टु अध्ययनका लागि पूर्ण छात्रवृत्ति पाए।

# विल्सन र भ्याली च्याम्पियन

काठमाडौं, (नेस)

विल्सन एकेडेमी र भ्याली पब्लिक नवौं हिम्स अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा सोमबार च्याम्पियन बनेका छन्। विल्सन ब्वाइज र भ्याली पब्लिक गर्ल्समा पहिलो भए। ब वाइज फाइनलमा विल्सनले भ्याली पब्लिकलाई ५५-५१ ले पराजित गर्‍यो। विल्सनका पेम्बा शेर्पाले २८ स्कोर गरे।

गर्ल्स फाइनलमा भ्याली पब्लिकले श्रीदिवालाई ३१-२० ले हरायो। भ्याली पब्लिककी सुमिना तामाङले १४ अंक जोडिन्। ब्वाइजमा विल्सनका छिरिङ थापा मगर तथा गर्ल्समा भ्याली पब्लिककी सुमिना 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए।